# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, मंसिर २२ गते, २०७७ साल (सङ्ख्या २१

## भाग ३

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

### प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**ः प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम समपूरक अनुदान प्रदान गर्न प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमको सदस्य सम्झनु पर्छ ।

(घ) "प्रदेश सभाको समानुपातिक तर्फको सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिमको सदस्य सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

(च) "समपूरक अनुदान" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्र, आधार र रकमको सीमाः** (१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने देहायका पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछः-

(क) स्थानीय तहको केन्द्रबाट वडाको केन्द्र जोड्ने सडक तथा गाउँबस्तीबाट हाटबजार जोड्ने ग्रामीण एवम् कृषि सडक, आकासेपुल तथा पदमार्ग सम्बन्धी आयोजना/कार्यक्रम,

(ख) खानेपानीको सुविधा पर्याप्त नभएका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुऱ्याउन सञ्चालन गरिने आयोजना/कार्यक्रम,

(ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा बिद्युत सेवा सुविधा उपलब्ध गराउने आयोजना/कार्यक्रम,

(घ) आफ्नै भवन नभएका सरकारी सामुदायिक विद्यालयको भवन तथा शैक्षिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(ङ) साना तथा मझौला पुलपुलेसा एवम् झोलुङ्गे पुल निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(च) सिंचाइ सुविधा नभएका क्षेत्र वा समुदायमा सिंचाइको सुविधा पुऱ्याउन सञ्चालन गरिने आयोजना/कार्यक्रम,

(छ) पर्यटन पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजना/कार्यक्रम

(ज) खेलकुद सम्बन्धी पूर्वाधार निर्माणका आयोजना/कार्यक्रम,

(झ) स्वास्थ्य चौकी तथा अस्पतालको भवन निर्माण सम्बन्धी आयोजना/ कार्यक्रम,

(ञ) एकीकृत ग्रामीण बस्ती विकास सम्बन्धी आयोजना/कार्यक्रम,

(ट) फोहोरमैला प्रशोधन तथा व्यवस्थापन सम्बन्धी पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा त्यस्तो क्षेत्रको मानव विकास सूचकाङ्क, जनसङ्ख्या, क्षेत्रफल,

सन्तुलित विकास, पूर्वाधार विकासको अवस्था लगायतका विषयलाई छनौटको प्राथमिकीकरणको आधार लिनु पर्नेछ।

(३) स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र हुनु पर्नेछः-

(क) गाउँपालिकाबाट कार्यान्वयन गरिने आयोजना/ कार्यक्रमको कुल लागत अनुमान एक करोड रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म,

(ख) नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/ कार्यक्रमको कुल लागत अनुमान दुई करोड रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म,

(ग) उपमहानगरपालिका/महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रमको कुल लागत अनुमान तीन करोड रुपैयाँदेखि चार करोड रुपैयाँसम्म।

(४) उपदफा (३) बमोजिम आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रम, बढीमा दुई वर्षभित्र सम्पन्न गर्नु पर्नेछ।

४. **<u>समपूरक अनुदान प्रदान गरिने ढाँचा</u>**ः प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धि, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ। साथै स्थानीय तहले आयोजनाको कुल लागत जुटाउन देहायका विभिन्न ढाँचामध्ये कुनै ढाँचा अपनाउन सक्नेछन्ः-

(क) आयोजना/कार्यक्रमको कुल लागतको केही अंश स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(ख) आयोजना/कार्यक्रमको कुल लागतको केही अंश निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्था, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(ग) आयोजना/कार्यक्रमको कुल लागतको केही अंश आयोजना वा कार्यक्रमबाट लाभान्वित पक्षबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(घ) आयोजना/कार्यक्रमको कुल लागतको केही अंश जन श्रमदान वा जन सहभागिताबाट व्यहोर्ने, केही अंश विभिन्न व्यक्ति, संगठित संस्था र अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने वस्तुगत अनुदानबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(ङ) आयोजना/कार्यक्रमको कुल लागतको केही अंश सम्बन्धित क्षेत्रमा रहेका गैर सरकारी संस्थाबाट प्रचलित कानून बमोजिम प्राप्त हुने सहयोगबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(च) आयोजना/कार्यक्रमको कुल लागतको केही अंश नेपाल सरकारको स्वीकृतिमा वैदेशिक अनुदान प्राप्त भएमा सो बाट स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने।

५. **<u>समपूरक अनुदान प्रदान नहुने</u>**: दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका आयोजना/कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध गराइने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका आयोजना/कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका आयोजना/कार्यक्रम,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल् पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने आयोजना/कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकुल प्रभाव पर्ने खालका आयोजना/कार्यक्रम,

(छ) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका आयोजना/कार्यक्रम,

६. **<u>प्रस्ताव गर्नु पर्ने</u>**: (१) स्थानीय तहले दफा ३ बमोजिमको क्षेत्र, आधार र रकमको सीमाभित्र रही समपूरक अनुदानबाट सञ्चालन

हुने आयोजना/कार्यक्रम प्रत्येक आर्थिक वर्षको फागुन मसान्तभित्र अनुसूची-१ बमोजिमको ढाँचामा देहायका विषय खुलाई योजनाको घट्दो क्रममा प्राथमिकीकरण गरी मन्त्रालयमा प्रस्ताव गर्नु पर्नेछः-

(क) आयोजना/कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) आयोजना/कार्यक्रमको योजना, नक्शा, डिजाइन, स्पेसिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण सहितको विस्तृत विवरण,

(ग) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत अनुमान विवरण,

(घ) आयोजना/कार्यक्रमको लाभ लागत विश्लेषण विवरण,

(ङ) आयोजना/कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कुल लाभान्वित जनसंख्याको अनुपात,

(च) आयोजना/कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापनयोग्य विवरण,

(छ) आयोजना/कार्यक्रम सञ्चालनबाट श्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(ज) प्रचलित वातावरण ऐनले तोके बमोजिमको वातावरणीय प्रतिवेदन,

(झ) कार्यान्वयन अवधि दुई वर्ष भएका आयोजना/कार्यक्रम भएमा प्रत्येक आर्थिक वर्षका लागि आवश्यक पर्ने रकमको विवरण।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदानको आयोजना/कार्यक्रम माग गर्दा प्रचलित कानून अनुसार सम्बन्धित स्थानीय तहले मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम समपूरक अनुदानमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम प्रस्ताव गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा कार्ययोजना विवरण समेत पेश गर्नु पर्नेछ।

७. **आयोजना/कार्यक्रम छनौटः** (१) स्थानीय तहबाट दफा ६ बमोजिम प्राप्त हुन आएका प्रस्ताव मध्ये उपयुक्त आयोजना/कार्यक्रम छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक आयोजना/कार्यक्रम छनौट समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, बजेट योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय -सदस्य

(ग) कम्तीमा अधिकृत नवौं, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक वा निजले तोकेको अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) शाखा अधिकृत, प्रादेशिक योजना तथा अनुगमन शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञ तथा कर्मचारीलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले दफा ३ को क्षेत्र, आधार तथा रकमको सीमाका अतिरिक्त देहायका आधारमा आयोजना/कार्यक्रमको छनौट गर्नु पर्नेछः-

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता, कुल लागत अनुमान, योजना कार्यान्वयन पश्चात् प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) आयोजना/कार्यक्रम कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) प्रदेश सरकारको प्राथमिकतामा परेको क्षेत्रसँग सम्बन्धित भएको,

(घ) स्थानीय तहको आधारभूत पूर्वाधार निर्माणसँग सम्बन्धित भएको,

(ङ) जनताको आयस्तर वृद्धि गरी गरिबी निवारणमा योगदान पुग्ने,

(च) रोजगारी वृद्धि गर्ने,

(छ) निजी क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने भए त्यस्तो सहकार्य  दिगो र भरपर्दो देखिएको,

(ज) स्थानीय तहको योगदानको हिस्सा धेरै भएको,

(झ) स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने।

(५) समितिले सामान्यतया आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना/कार्यक्रम चालु आर्थिक वर्षको वैशाख पन्ध्रभित्र छनौट गर्नेछ।

८. **<u>अनुदान रकम खर्च गर्ने विधि र प्रकृया</u>ः** (१) स्थानीय तहले समपूरक अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

(क) समपूरक अनुदान जुन आयोजना/कार्यक्रममा उपलब्ध गराइएको हो सोही आयोजना/ कार्यक्रममा खर्च गर्नु पर्नेछ।

(ख) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ।

(ग) समपूरक अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित संघीय तथा प्रदेश कानूनको पूर्ण परिपालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ।

(घ) समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन ।

(ङ) समपूरक अनुदानबाट सञ्चालित आयोजना/ कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा सालबसाली विनियोजन ऐनमा भएको व्यवस्था बमोजिम निकासा हुनेछ ।

(२) समपूरक अनुदानबाट सञ्चालित आयोजना/ कार्यक्रमहरु लक्षित उद्देश्य अनुरुप सञ्चालन नभएमा प्रदेश सरकारले त्यस्तो अनुदान बापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने वित्तीय हस्तान्तरण अनुदानका रकमबाट कट्टा गर्न सक्नेछ।

९. **आयोजनाको कार्य तोकिएको समय भित्र सम्पन्न गर्नु पर्ने:** स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम दफा ६ को उपदफा (१) को खण्ड (ग) बमोजिम अनुसूची-१ मा उल्लेख गर्नु पर्ने समय सीमाभित्र सम्पन्न गर्नु पर्नेछ। तोकिएको समयभित्र आयोजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

१०. **आयोजना/कार्यक्रमको सञ्चालन र कार्यान्वयन** : (१) आयोजना/कार्यक्रम सञ्चालन गर्दा पारदर्शी, जवाफदेही तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) आयोजना/कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धी बनाउन स्थानीय तहले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा विद्युतीय प्रणाली मात्र अपनाउन सक्नेछ ।

(३) ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। यस्तो विवरण उपलब्ध नहुँदासम्म सो आयोजना/कार्यक्रमको बाँकी किस्ता निकासा गरिने छैन ।

(४) आयोजना/कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ। सोको लागि नागरिक समाज तथा लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(५) आयोजना/कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने सूचक बनाउनु पर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमानै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा

मन्त्रालयले सोको छानबिन गरी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउनेछ ।

(६) समपूरक अनुदानमा सञ्चालन गरिने आयोजना/कार्यक्रममा कन्टिन्जेन्सी बापत लागतको तीन प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

११. **<u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले सञ्चालन गरेका आयोजना/कार्यक्रमको कार्य प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समयसीमाभित्र भए नभएको सम्बन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

(२) समपूरक अनुदानबाट आयोजना/कार्यक्रम लक्षित उद्देश्य र प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले नियमित रुपमा अनुगमन गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) समपूरक अनुदानबाट स्थानीय तहले सञ्चालन गरेका आयोजना/कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्न देहायको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) योजना कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य -संयोजक

(ख) योजना कार्यान्वयन हुने निर्वाचन क्षेत्रको कुनै स्थानीय तहमा मतदाता

नामावलीमा नाम भएको प्रदेश सभाको समानुपातिक तर्फको सदस्य -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) योजनाको विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको एक प्राविधिक -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरी अनुसूची-४ मा तोकिएको ढाँचामा प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन खर्च आवश्यक पर्ने भएमा आयोजना/कार्यक्रमको कन्टिन्जेन्सीबाट व्यवस्थापन गर्नु पर्नेछ।

१२. **समपूरक अनुदान रोक्का हुन सक्नेः** (१) स्थानीय तहले सञ्चालित आयोजना/कार्यक्रमको दफा ११ को उपदफा (२) बमोजिम अनुगमन प्रतिवेदन सम्बन्धित निकायमा नपठाएमा, तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा सम्पन्न भएको कार्यको गुणस्तर मापदण्ड बमोजिम नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधिभित्र आवश्यक विवरण पेश गरेमा वा मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिई, त्यस्तो प्रत्याभूति मन्त्रालयलाई उपयुक्त लागेमा मन्त्रालयले उपदफा (१) बमोजिम किस्ताको अनुदान रकम फुकुवा गर्न सक्नेछ ।

(३) दफा ११ को उपदफा (३) बमोजिम गठन भएको अनुगमन तथा मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदनको आधारमा समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्देश्य पूर्ति हुन नसकेको पाइएमा प्रदेश सरकारले स्थानीय तहलाई आगामी वर्षमा  दिने अनुदान रोक्का गर्न सक्नेछ।

**१३.** **<u>खारेजी र बचाउ</u>ः** (१) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका सबै काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>समपूरक अनुदान माग गर्ने निवेदनको ढाँचा</u>**

१. अनुदान माग गर्ने स्थानीय तहको नामः

२. ठेगानाः

३. सम्पर्क फोन/फ्याक्स/इमेलः

४. आयोजना/कार्यक्रमको नामः

५. आयोजना/कार्यक्रम कायार्न्वयन गर्ने स्थानः

६. आयोजना/कार्यक्रमको अनुमानित कुल लागतः

७. आयोजना/कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसंख्याः

८. आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित समयः

९. आयोजना/कार्यक्रमको कुल लागतमा स्थानीय तहको लगानीको हिस्सा र रकमः

१०. आयोजना/कार्यक्रम कायर्न्वयनमा निजी क्षेत्र, सहकारी तथा अन्य गैर सरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात र रकमः

११. प्रदेश सरकारले समपूरक अनुदान मार्फत व्यहोर्ने प्रस्तावित रकमः

**<u>संलग्न आवश्यक कागजातहरुः</u>**

(क) आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन लग्न

छ ☐ छैन ☐

(ख) आयोजना/कार्यक्रमको नक्शा, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण संलग्न

छ ☐ छैन ☐

(ग) स्थानीय तहले समपूरक अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि संलग्न

छ ☐ छैन ☐

(घ) आयोजना/कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित संलग्न

छ ☐ छैन ☐

(ङ) प्रचलित कानून बमोजिम आयोजना/कार्यक्रमको वातावरणीय प्रतिवेदन संलग्न

छ ☐ छैन ☐

(च) आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने समयावधि सहितको कार्ययोजना संलग्न

छ ☐ छैन ☐

(छ) मन्त्रालयले तोकेका अन्य विवरण कागजातहरु संलग्न

छ ☐ छैन ☐

प्रमुख प्रशासकीय अधिकृतकोः

दस्तखतः

पदः

मितिः

अनुसूची-२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**<u>कार्ययोजनाको ढाँचा</u>**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क्र. सं | आयोजना/ कार्यक्रमको नाम | प्रस्तावित बजेट | | कार्यान्वयनसमय | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | प्रथम चौमासिक | | | | दोश्रो चौमासिक | | | | तेश्रो चौमासिक | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

१. लागत अनुमान तयारी तथा स्वीकृति।विस्तृत परियोजना विवरण (डी. पी. आर.) स्वीकृत गर्ने

२. खरिद तथा सम्झौता व्यवस्थापन गर्ने

३. निर्माण कार्य सञ्चालन तथा अनुगमन गर्ने

**<u>नोट:</u>** माथि दिइएका संकेतहरुमध्ये कुन चौमासिकमा कुनकार्य गर्ने हो, सोही अनुसार उपयुक्त संकेतीकरण गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृतको:

दस्तखत:

पद:

मिति:

अनुसूची-३

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**<u>स्थानीय तहले पठाउने प्रगति प्रतिवेदनको ढाँचा</u>**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क.सं. | आयोजना/ कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ........अवधिको लक्ष्य | | ........अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्था:

(ख) समस्या समाधानका लागि गरिएको प्रयास:

(ग) सुझाव/सिफारिस:

.................... ..............................................

तयार गर्ने                                   अनुगमन समितिको संयोजक

अनुसूची-४

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

**<u>अनुगमन तथा मूल्याङ्कन समितले प्रदेश सरकार समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा</u>**

आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नाम:

ठेगाना:

सम्पर्क नं:

| क.सं. | आयोजना/ कार्यक्रमको नाम | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ........अवधिको लक्ष्य | | ........अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (रु.) | भौतिक (%) | वित्तीय (रु.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्था:

(ख) समस्या समाधानका लागि गरिएको प्रयास:

(ग) सुझाव/सिफारिस:

(अनुगमन तथा मूल्याङ्कन समितलाई यसका अतिरिक्त थप विवरण पेश गर्न आवश्यक लागेमा यो ढाँचा भरी उक्त विवरण समेत संलग्न राखी प्रदेश सरकार समक्ष प्रतिवेदन गर्न सक्नेछ)

.....................
तयार गर्ने

...............................................
अनुगमन समितिको संयोजक